(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
KARNALI ACADEMY OF HEALTH SCIENCES
जुम्ला, नेपाल

मिति २०८१।०८।१०

## प्रेस विज्ञप्ति

सम्पूर्ण पत्रकार मित्रहरु
सरोकारवाला निकाय लगायत सबैमा नमस्कार।

पिछडिएको क्षेत्रमा सहजरुपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन, स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाको मूल उद्देश्य र मर्म रहेको विषय हामी सबैमा सर्वविदितै छ। फलस्वरुप स्थापनाको तेह (१३) वर्ष भित्र प्रतिष्ठानले छोटो समयमा लामो दुरीको यात्रा तय गर्दै थप मजबुतिका साथ समस्या र चुनौतिका चाङहरुवीच निरन्तर उकालोको यात्रा तय गर्दै, स्वास्थ्य सेवा, शिक्षा र अनुसन्धान मार्फत समग्र दुर्गम क्षेत्रको सुनौलो भविश्यको कोशेढुङ्गा वन्न उन्मुख छ।

प्रतिष्ठान स्थापनाको पछिल्लो चार (४)वर्षमा मात्र MPH, M. Pharma, MBBS, BNS, BSc. Nursing, B. Parma लगायतका शैक्षिक कार्यक्रमहरु मात्र थप भएका छैनन् वरु स्वास्थ्य सेवा प्रदान गर्न र उक्त विषयहरु अध्ययन अध्यापनका लागि आवश्यक Faculties संख्यामा दोव्वर भएको छ भने स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षाका लागि आवश्यक भवन, उपकरण र सेवा पनि थप भएको हामी सबैलाई जानकारी नै छ। हरेक विषयलाई राजनीतिक आँखावाट बाहेक देख्न नसक्ने समस्याले पदाधिकारीहरुको नियम विपरितको वर्खास्ति, नियमित वजेटमा कटौति र विभिन्न अवरोधबीच प्रतिष्ठान निरन्तर क्रियाशिलता सहित संघर्षद्वारा थप मजवुत वन्न उन्मुख छ।

प्रतिष्ठानमा हाल कार्यरत जम्मा ४०६ शिक्षक तथा कर्मचारीहरुमध्ये ८८ जना स्थायी शिक्षक तथा कर्मचारीहरु कार्यरत रहेको र पटक-पटक करार शिक्षक तथा कर्मचारीहरुलाई स्थायी गर्नुपर्ने, स्थायीलाई बढुवा गर्नुपर्ने लगायतका विभिन्न मागहरु राखेर ध्यानाकर्षण सहित गरिने आन्दोलन, सम्झौता र स्थगन प्रति हाल यस प्रतिष्ठानका जिम्मेवारीमा रहेका सम्पूर्ण पदाधिकारीहरुको ध्यानाकर्षण र हाल जिम्मेवारीपूर्वक अगाडी बढिरहेको विषय सम्बन्धित सबैमा विश्वास दिलाउन चाहन्छौं। "कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको कर्मचारीको सेवाका शर्त र

सुविधा सम्वन्धि नियमावली २०६९" को नियम २४ बमोजिम मिति २०७२।०९।२२ गते तत्कालिन सम्माननीय प्रधान्मन्त्री श्री केपी शर्मा ओली ज्यूको अध्यक्षतामा बसेको चौथो सिनेट बैठकले प्रतिष्ठानको नियमावली २०६९, को नियम २४ संशोधनका निमित्त प्रस्तावको लागि, आन्तरिक स्थायी र वढुवा प्रक्रिया अड्किरहेको विद्यमान परिस्थितिमा पटक-पटक अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लोकसेवा आयोगसँग पत्राचार र परामर्श सँगसँगै नियमावली संशोधन मार्फत समस्या समाधानका लागि प्रयासरत भएता पनि नेपालको संविधान (२०७२) को धारा २४३ को १, २,४ र सोही बमोजिम नगर परिषदका लोकसेवा आयोग ऐन, निर्देशिका र लोक सेवा आयोगद्वारा हाम्रो प्रतिष्ठानलाई २०७५ सालदेखि ऐन संस्थाको पदपूर्ति र पदोन्नतिसँग सम्वन्धित कार्य लोकसेवा आयोगको उपस्थिति र अनुमतिमा गर्नुपर्ने कानूनी बाध्यता रहेको छ तसर्थ पदाधिकारीहरुको निरन्तर क्रियाशिलता र मेहनतले लोकसेवा आयोग मार्फत पदपूर्ति र पदोन्नति सम्वन्धि प्रक्रिया अन्तिम चरणमा रहेको विषय समेत जानकारी गराउँदछौं। यस प्रतिष्ठानमा कार्यरत ५८ जना शिक्षक तथा कर्मचारीहरुको बढुवाका लागि सम्मानित उच्च अदालत सुर्खेत, जुम्ला इजलास, जुम्लाको आदेश पश्चात सम्बन्धित शिक्षक तथा कर्मचारीहरुले गरेको ताकेता र सम्वन्धित विद्यार्थिहरुको पठनपाटन गर्न पाउने अधिकारवाट बञ्चित हुनेगरी गरिएको तालाबन्दी, नाराजुलुस र कतिपय अन्य शिक्षक तथा कर्मचारीहरु प्रति गरिएको अभद्र व्यवहारले कार्यकारी परिपदको गम्भिर चासो र ध्यानाकर्षण भएको छ। उच्च अदालत सुर्खेत, जुम्ला इजलास,जुम्लाको मुद्दा न ०८०-WO-००११ को मिति २०८१।०५।११ को आदेशको बुदा नं १३ मा "<u>बढुवा गर्दा अपनाउनुपर्ने प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिम सामान्य सिद्धान्त समेतको विषयमा आवश्यकता अनुसार लोकसेवा आयोग समेतका सरोकारवाला निकायसँग परामर्श गर्नुपर्ने अवस्था भए सो बमोजिम छिटो छरितो राय परामर्श लिई गरी निवेदकहरुको बढुवा हुने प्रक्रियागत कार्यलाई प्रथामिकता दिन</u>" र बुदा नं १५ अन्तरगत "<u>निवेदकहरुको पदोन्नतिका लागि कानूनले निर्दिष्ट गरे बमोजिम बढुवाको प्रक्रियागत कार्य यथाशिघ्र शुरु गर्नु</u>" भन्ने आदेश भए बमोजिम लोकसेवा आयोगको राय, परामर्श लिंदा लोकसेवा आयोगको क्र.नं. ३६, मिति २०८१।०८।०४ गतेको पत्रानुसार श्रेणी विहिन तहमा कार्यरत कर्मचारीहरुको मात्र सम्वन्धित प्रतिष्ठानले स्वयंले वढुवा गर्न सक्ने भने बमोजिम कार्यकारी परिपदको मिति २०८१।०८।०९ को बैठकले श्रेणी विहिन कर्मचारीहरुको वढुवा सम्वन्धि निर्णय गरेको र अन्य शिक्षक तथा कर्मचारीहरुको हकमा लोकसेवा आयोग मार्फत नयाँ पदपूर्ति र पदोन्नति सम्वन्धि कार्य अन्तिम प्रकियामा रहेको जानकारी प्राप्त भएको छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत करार शिक्षक तथा कर्मचारीहरुको हकमा कार्यसम्पादन मूल्यांकन करार सम्बन्धि कार्यको गृहकार्य भइरहेको र स्थायी रुपमा कार्यरत ५८ जना लगायत सम्पूर्ण ८८ जना शिक्षक तथा कर्मचारीहरुको स्वतः बढुवा प्रक्रिया अगाडी बढाउन कार्यकारी परिषदले निर्णय गरेता पनि सिनेटमा अनुमोदनको लागि पठाईएको प्रस्ताव उक्त संस्थाको सर्वोपरि निकाय सिनेटमा छलफल हुँदा संस्थाका कुलपति सम्माननीय प्रधानमन्त्री ज्यू र सहकुलपति माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री ज्यूले उच्च अदालत सुर्खेत, जुम्ला इजलास, जुम्लाको आदेशलाई समेत ध्यान दिँदै विधि प्रक्रिया र कानूनी ढगले प्रक्रिया अगाडी बढाउन सैद्धान्तिक सहमति दिनुभएको विदित नै छ। कानुनी राज्यमा कानुन अनुसार विधि प्रक्रिया हुन्छन् जसलाई सबैले पालना गर्नुपर्दछ। विधि प्रक्रिया गर्नु भनेको के हो ? संगठित संस्था, सार्वजनिक संस्थानहरुमा स्थायी पदपूर्ति, बढुवा/ स्तरोन्नती को विधि प्रक्रिया के हो ? प्रक्रिया नपुऱ्याई गरिएका निर्णयहरुको वैधानिकता र स्थायित्व कति सम्म रहन्छ ? सम्बन्धित हामी सबैले मनन् गर्न जरुरी छ तसर्थ आन्दोलनरत् सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुलाई वार्ता तथा छलफल मार्फत समस्याको साझा हल निकाल्नका लागि कार्यकारी परिषद आव्हान गर्दछ। साथै बन्द हड्तालका सम्पूर्ण कार्यक्रम फिर्ता लिई आ-आफ्नो नियमित कामकाजमा २४ घण्टाभित्र फर्किन यहीं विज्ञप्ति मार्फत अनुरोध गर्दछौं। साथै प्रतिष्ठानका सेवाग्राही, विद्यार्थी लगायत सरोकारवाला सबैमा पर्न गएको असुविधा प्रति क्षमा चाहन्छौं।

प्रतिष्ठानले देहाय बमोजिमका कार्यहरु गरिरहेको जानकारीका साथ अनुरोध गर्दछौं।

१. लोकसेवा आयोगको राय, परामर्श, कार्यकारी परिषद र सभा बैठकको निर्णय बमोजिम यस प्रतिष्ठानको छनौट समिति र लोकसेवा आयोगको परामर्श अनुसार १७ जना श्रेणी विहिन कर्मचारीहरुको स्तरवृद्धि मिति २०८१।०८।१० गतेबाट लागु हुने गरि नियुक्ति पत्र प्रदान गर्ने।
२. अन्य तहका शिक्षक कर्मचारीहरुको स्तरवृद्धिका लागि लोकसेवा आयोगमा पठाई लोक सेवा आयोगले समेत पुनः पुनरावलोकनका लागि फिर्ता पठाएको हुँदा आज मिति २०८१।०८।१० गते छनौट समितिले अन्तिम दरबन्दी तयार गरि पठाउन लागिएको छ।
३. सम्पूर्ण कर्मचारीहरुको हकमा हाल प्राप्त गर्दै आएको तलब भत्ता नघट्ने गरी नेपाल सरकारको प्रचलित नियम तथा व्यवस्था अनुसार कार्तिक महिनाबाट लागु हुने गरी तलब भत्ता समायोजन गर्ने निर्णय गरिएको छ।

४. प्रतिष्ठानका आफ्ना कर्मचारीहरुको स्तरवृद्धिको लागि हामी अत्यन्तै जिम्मेवार र सकारात्मक रहेको जानकारी गराउँदै कर्मचारीहरुसँग भएको सम्झौता, लोकसेवा आयोगको राय, परामर्श तथा निर्देशन र सम्मानित उच्च अदालत सुर्खेत, जुम्ला इजलास, जुम्लाको आदेश, सभाको निर्णय अनुसार यथासिघ्र लोकसेवा आयोगको स्वीकृती सहित छनौट समितिले विज्ञापन निकाल्ने जानकारी दिई सम्पूर्ण कर्मचारीहरुलाई पुनः वार्ताका माध्यमबाट समाधान गरि निरन्तर कामकाजमा फर्किन अनुरोध छ साथै स्वतः बढुवा गर्न भन्दा पनि विधि प्रक्रिया अनुरुप लोकसेवा आयोग मार्फत नयाँ पदपूर्ति र पदोन्नति गर्न पछिल्लो एक वर्षमा २३ पटक छनौट समितिको बैठक र लोकसेवा आयोगका माछीय पदाधिकारी ज्यूहरुको बैठक यस प्रतिष्ठानका पदाधिकारिहरुको उपस्थितिमा थुप्रै पटक बसिसकेको, सोही बमोजिम प्रतिष्ठानको नियमावली संशोधन गरिएको, पदपूर्ति र बढुवाका लागि १०९ वटा पाठ्यक्रम तयारी अवस्थामा रहेको साथै कार्यसम्पादन मूल्यांकन र आन्तरिक प्रतिस्पर्धा मार्फत बढुवाका लागि प्रतिशत निर्धारण गर्ने कार्य समेत भइसकेको व्यहोरा समेत सम्वन्धित सवैमा जानकारी गराउँदछौं।

कार्यकारी परिषद

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला